Agricultural Development Bank Ltd.

# कृषि विकास बैंक लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था)

कम्पनी नम्बर ९२८

प.सं.: २०७८/७९
च.नं.:७६

कम्पनी सचिवालय
मुख्य कार्यालय, काठमाण्डौं

मिति : २०७८/०९/०७

**नेपाल राष्ट्र बैंक**
**बैक तथा वित्तीय संस्था नियमन विभाग,**
**बैंक सुपरिवेक्षण विभाग ।**

**नेपाल धितोपत्र बोर्ड**
**जावलाखेल, ललितपुर ।**

✓**नेपाल स्टक एक्सचेन्ज लि.**
**सिंहदरबारप्लाजा, काठमाण्डौं ।**

**सिडिएस एण्ड क्लियरिंग लि.**
**पुतलीसडक, काठमाण्डौं ।**

**विषय : - आ.व.०७७/७८ को पन्ध्रौ बार्षिक साधारणसभाको सूचना एवं सो प्रयोजनको लागि शेयरधनी दर्ता किताब बन्द हुने बारेको जानकारी सम्बन्धमा ।**

यस बैकको सञ्चालक समितिको मिति २०७८/०९/०७ गते बसेको बैठक नं.९३९ औं बैठकको निर्णय अनुसार बैंकको पन्ध्रौं वार्षिक साधारणसभा मिति २०७८।०९।२९ गते बिहीबारका दिन कृषि विकास बैंक लि.,को केन्द्रिय तालिम प्रतिष्ठान बोडे भक्तपुरमा गर्ने निर्णय गरेको ब्यहोरा जानकारीका लागि अनुरोध छ । साथै, वार्षिक साधारणसभा सम्बन्धमा मिति २०७८।०९।०८ गतेको र २०७८।०९।०९ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरिने सूचनाको विवरण यसैसाथ संलग्न राखी पठाईएको व्यहोरा समेत अनुरोध छ । सोही सन्दर्भमा बैंकको पन्ध्रौ वार्षिक साधारणसभा तथा बोनस शेयर तथा नगद लाभांश जारी गर्ने प्रयोजनका लागि मिति २०७८/०९/१६ देखि २०७८/०९/२९ गते सम्म बैंकको शेयरधनी दर्ता किताव बन्द रहने व्यहोरा आवश्यक जानकारीको लागि अनुरोध छ ।

भवदीय,

(हिमलाल पौडेल)
कम्पनी सचिव

# कृषि विकास बैंक लिमिटेड

## वार्षिक साधारण सभा सम्बन्धी सूचना

**आदरणीय शेयरधनीमहानुभावहरु,**

यस बैंकको मिति २०७८/०९/०७ गते बेलुका ४:३० बजे बसेको सञ्चालक समितिको बैठक नं ९३९ को निर्णयानुसार यस बैंकको पन्ध्रौ वार्षिक साधारण सभा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न देहायको मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थिति/सहभागिताको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**सभा बस्ने मिति, समय र स्थान**

(१) मिति : २०७८/०९/२९ गते विहिबार (Jan 13, 2022)

(२) समय : विहान ११:०० बजे

(३) स्थान : कृषि विकास बैंक लि. केन्द्रिय तालिम प्रतिष्ठान बोडे, भक्तपुर ।*(हाल महामारीको रुपमा रहेको कोभिड-१९ को कारण नेपाल सरकारले जारी गरेको सुरक्षा मापदण्डको पूर्णपालना गरी सभा सम्पन्नगर्नुपर्ने विशेष परिस्थितिका कारण Virtual माध्यमबाट उपस्थितिको निमित्त आग्रह गरिएको छ । )*

**छलफलका विषयहरुः**

**(क) सामान्य प्रस्तावहरु :**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्ने आर्थिक वर्ष २०७७/०७८ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक बर्ष २०७७/०७८ को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाव, ईक्विटीमा भएको परिवर्तन,नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूचीहरु लगायत वार्षिक आर्थिक विवरणहरु छलफल गरी पारित गर्ने ।

(३) यस बैंकको सहायक कम्पनीहरु कोष व्यवस्थापन कम्पनी लि. तथा गोबर ग्याँस कम्पनी र सम्वद्ध कम्पनी साना किसान विकास लघुवित्त वित्तीय संस्था को आ.ब. २०७७/०७८ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण स्वीकृत गर्ने ।

(४) सञ्चालक समितिको प्रस्ताव बमोजिम साधारण चुक्ता पूँजीमा वोनस प्रदान गर्दा वोनश शेयरमा लाग्ने कर वापत प्रति शेयर १.०५२६ प्रतिशत नगद लाभांश र अविमोच्य असंचिति अग्राधिकार (Non Convertible Irredeemable Preference share) शेयरधनीलाई चुक्ता पूँजीको ६ प्रतिशत नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।

(५) आर्थिक वर्ष २०७८/०७९ को लागि महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षक नियुक्तिको लागि परामर्श प्राप्त हुने लेखापरीक्षकलाई यस बैंकको लेखापरीक्षकमा नियुक्ति गर्ने तथा पारिश्रमिक र सेवा शर्त तोक्ने ।

**(ख) विशेष प्रस्तावहरु :**

(१) साधारण शेयरधनीहरुलाई साधारण चुक्ता पूँजीको २० प्रतिशत वोनस शेयर प्रदान गर्ने सम्बन्धी संचालक समितिको प्रस्ताव पारित गर्ने ।

(२) विशेष प्रस्ताव नं. (१) बमोजिमको वोनस शेयर प्रस्ताव गरिएकोमा सो समेत समायोजन हुने गरि बैंकको अधिकृत पूँजी तथा जारी र चुक्तापूँजी वृद्धि गर्ने विषयहरु समावेश गरिएको बैंकको प्रवन्धपत्र र नियमावलीको तत्सम्बन्धि दफा/नियम एवं उप-दफा/उप-नियमहरु संशोधन तथा थप गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

(३) पूँजी वृद्धि सम्बन्धी बैंकको प्रवन्धपत्रको दफा ५ को उप-दफा (१), (२) र (३) तथा दफा ७ को उप-दफा (२) को खण्ड (क) र (ख) मा संशोधन तथा थप गर्ने सम्बन्धी सञ्चालक समितिको प्रस्ताव स्वीकृत गर्ने ।

(४) पूँजी वृद्धि सम्बन्धी बैंकको नियमावलीको नियम ५ को उप-नियम (१), (२) र (३), नियम ७ को उप-नियम (१) को खण्ड (क) र (ख) मा संशोधन तथा थप गर्ने सम्बन्धी सञ्चालक समितिको प्रस्ताव स्वीकृत गर्ने ।

(५) प्रबन्धपत्र तथा नियमावलीमा प्रचलित कानून बमोजिम संशोधन गर्नु पर्ने भएमा वा नियमनकारी निकायबाट संशोधन गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन तथा संशोधनका लागि सञ्चालक समितिलाई अख्तियारी दिने ।

**(ग) विविध**

# वार्षिक साधारण सभा सम्वन्धी अन्य जानकारी

(१) बैंकको पन्ध्रौं वार्षिक साधारणसभा तथा नगद/स्टक वोनस प्रयोजनका लागि मिति २०७८/०९/१६ देखि २०७८/०९/२९ गते सम्म बैंकको शेयरधनी दर्ता किताव बन्द रहने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सो मितिभन्दा अघिल्लो कार्य दिनसम्म कारोवार भई मिति २०७८/०९/२२ गते भित्र यस बैकको शेयर रजिष्ट्रार एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता कितावमा कायम शेयरधनीहरुले मात्र यो सभामा भाग लिन पाउने छन् ।

(२) हाल देशभरी महामारीको रुपमा फैलिएको कोभिड -१९ को कारण नेपाल सरकारले जारी गरेको सुरक्षा मापदण्डको पूर्ण पालना गरी सभा सम्पन्न गर्नुपर्ने विशेष परिस्थितिका कारण **Virtual** माध्यमबाट उपस्थिति/सहभागिताको लागि हार्दिक अनुरोध छ ।

(३) **Virtual** माध्यमबाट उपस्थित/सहभागी शेयरधनीहरुलाई सभाहलमा उपस्थित भए सरह मान्यता दिइने छ । उपस्थित गणपूरक संख्या सभा संचालनको निमित्त निर्दिष्ट संख्या अनुसार पर्याप्त भएमा मात्र सभा संचालन हुनेछ ।

(४) **Virtual** माध्यमबाट उपस्थित शेयरधनीहरुको हाजिर निजहरुले गरेको **Login** मार्फत सबैको **Login** भएको देखिने गरी प्रमाणको निमित्त फोटो खिचेर राखिने छ साथै सभा संचालन अवधि भरिको भिडियो रेकर्डिङ्ग गरिनेछ ।

(५) **Meeting ID/ Password** को निमित्त आफ्नो परिचय, शेयरधनीनम्बर, शेयर संख्या सहित उल्लेख गरी कम्पनीको **Email:cs@adbl.gov.np** मार्फत समयमै सम्पर्क गरी प्राप्तगर्न सकिने व्यवस्था गरिएको जानकारी गराउँदछौं । साथै अन्तिम समयमा सम्पर्क गर्दा शेयरधनीको पहिचान **Verification** गरी **ID/Password** समयमै पठाउन आइपर्न सक्ने प्राविधिक कठिनाइबाट बच्न कम्तिमा **२ दिन अगावै ID/Password** लिन समेत अनुरोध छ । साथै सोही **emailAddress** मा साधारण सभाको प्रतिवेदन समेत पठाइनेछ ।

(६) **Virtual** माध्यमबाट साधारणसभामा आफ्नो मन्तव्य राख्न चाहनु हुने शेयरधनी महानुभावहरुले कम्तिमा दुई दिन अगावै कम्पनी सचिव वा कम्पनीको आधिकारिक **Email:cs@adbl.gov.np** मा सम्पर्क गरी नाम टिपोट गराउनु हुन अनुरोध गर्दछौं ।

(७) शेयरधनी महानुभावहरुको सुविधाका लागि कम्पनी ऐन, २०६३ अनुसारको लेखापरीक्षकको प्रतिवेदन सहितको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन तथा वार्षिक साधारणसभा सम्वन्धी अन्य जानकारीहरु यस बैंकको **Website:www.adbl.gov.np** मा समेत उपलव्ध छ । साथै, यस सम्वन्धी विवरणहरु बैंकको मुख्य कार्यालय,रामशाहपथ काठमाडौं तथा शेयर रजिष्ट्रार **NIBL ACE CAPITAL LIMITED**, लाजिम्पाट, काठमाडौंबाट समेत शेयरधनी परिचयपत्र प्रस्तुत गरी अवलोकन गर्न र प्राप्त गर्न सक्नुहुनेछ ।

(८) शेयरधनी महानुभावहरुले व्यक्त गरेका मन्तव्य वा प्रश्नहरुका सम्वन्धमा सञ्चालक समितिका अध्यक्ष वा निजले तोकेको पदाधिकारीबाट उत्तर दिइनेछ ।

(९) शेयरधनी महानुभावहरुलाई छलफलका विषयहरु मध्ये विविध शीर्षक अर्न्तगत छलफल गर्न इच्छुक शेयरधनी महानुभावहरुले छलफललाई व्यवस्थित गर्ने प्रयोजनका लागि सभा हुनु भन्दा कम्तिमा सात दिन अगावै कम्पनीको **Email:cs@adbl.gov.np** मार्फत सञ्चालक समितिका अध्यक्षलाई लिखित रुपमा जानकारी दिनु हुन अनुरोध छ ।

(१०) सभा शुरु हुने भनी तोकिएको दिनभन्दा कम्तीमा ४ (चार) दिन अर्थात ९६ घण्टा अगावै बैंकको कम्पनी सचिवालयमा कार्यालय समयभित्र प्रतिनिधिपत्र (प्रोक्सी) फारम दर्ता गरी सक्नु पर्नेछ । एक शेयरधनीले एक भन्दा बढी प्रतिनिधिपत्र (प्रोक्सी) नियुक्त गरेको अवस्थामा मैले यस अघि दिएको सबै प्रतिनिधि पत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधि पत्र (प्रोक्सी) लाई मान्यता दिईयोस भनी छुट्टै पत्र समेत लेखी पठाइएको रहेछ भने अरु सबै प्रतिनिधि पत्र (प्रोक्सी) बदर भई सोही पत्र साथ दर्ता भएको प्रतिनिधिपत्र (प्रोक्सी) मात्र मान्य हुनेछ । तर एक शेयरधनीले एकभन्दा बढी व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी पठाइएको पाईएमा त्यस्ता प्रतिनिधिपत्र (प्रोक्सी) समयमै प्राप्त भएतापनि सबै प्रतिनिधि पत्र (प्रोक्सी) बदर हुनेछ । एक भन्दा वढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी वा अन्य किसिमबाट छुट्याई प्रतिनिधि पत्र (प्रोक्सी) दिन पाईने छैन ।

(११) नाबालक वा विक्षिप्त अवस्थाका शेयरधनीका तर्फबाट बैंकको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भई रहेको व्यक्तिले **Virtual** माध्यमबाट सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन् ।

(१२) प्रतिनिधि (प्रोक्सी) मुकरर गरी सक्नुभएका शेयरधनी आफै सभामा **Virtual** माध्यमबाट उपस्थित भई हाजिर जनाएमा प्रतिनिधि मुकरर गरिसकेको भएतापनि प्रोक्सी स्वत: बदर हुनेछ ।

(१३) कुनै बैंक, वित्त कम्पनी, गुठी, संघ संस्था वा कम्पनीले यस बैंकको शेयर खरिद गरेको अवस्थामा बैंकको प्रवन्धपत्र तथा नियमावलीको अधीनमा रही त्यस्तो संगठित संस्थाको आधिकारिक पदाधिकारीले खटाएको वा मनोनित गरेको प्रतिनिधिले **Virtual** माध्यमबाट सभामा भाग लिन पाउनेछ ।

(१४) शेयरधनी महानुभावहरुको हाजिरीको लागि सभा हुने दिन विहान १०:०० बजेदेखि Virtual माध्यमबाट खुला रहने छ ।

(१५) यस सम्वन्धमा अन्य कुनै जानकारी आवश्यक परेमा कार्यालय समय भित्र बैंकको मुख्य कार्यालय रामशाहपथ, काठमाडौं स्थित कम्पनी सचिवालयमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव
कृषि विकास बैंक लि.
मुख्य कार्यालय, रामशाहपथ, काठमाडौं ।
फोन नं. ०१-४२६४०१६

# श्री कृषि विकास बैंक लि.

(बैंकको २०७८/०९/.. गते हुन पन्ध्रौ वार्षिक साधारण सभामा उपस्थित हुनका लागि जारी गरिएको प्रवेश-पत्र)

## प्रवेश-पत्र

शेयरधनी नं/ BOID No :..............
शेयर प्रमाणपत्र नं :.......................
शेयर संख्या :..............................

शेयरधनीको नाम : ......................................................
शेयरधनीको हस्ताक्षर (सही) :.......................................

...............................
बैंकको छाप — कम्पनी सचिव

**द्रष्टब्य:** (१)शेयरधनीहरु आँफैले खाली ठाँउहरुमा भर्नु हुन अनुरोध छ ।
(२) सभाकक्षमा प्रवेश गर्न प्रवेश-पत्र अनिवार्य रुपमा लिई आउनु हुन अनुरोध छ ।



(कम्पनी ऐन, २०६३ को दफा ७१ को उपदफा (३) सँग सम्वन्धित)

## कृषि विकास बैंक लिमिटेड

## प्रोक्सी फाराम

श्री सञ्चालक समिति
कृषि विकास बैंक लि.
मुख्य कार्यालय, रामशाहपथ, काठमाडौं ।

**विषयः प्रतिनिधि नियुक्त गरेको वारे ।**

..................जिल्ला ..................न.पा. ⁄ गा.पा. वडा नं..........बस्ने म ⁄ हामी.........................ले त्यस कम्पनीको शेयरधनीको हैसियतले संवत् २०७८ साल पौष ... गतेका दिन हुने पन्ध्रौ वार्षिक साधारणसभामाम ⁄ हामी स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकाले उक्त सभामा मेरा ⁄ हाम्रो तर्फबाट भाग लिन तथा मतदान गर्नका लागि............. जिल्ला................... न.पा. ⁄ गा.पा. वडा नं..........वस्ने श्री................................लाई मेरो ⁄ हाम्रो प्रतिनिधि नियुक्त गरी पठाएको छु ⁄ पठाएका छौं ।

प्रतिनिधि नियुक्त भएको व्यक्तिको :

हस्ताक्षरको नमूना :

शेयरधनी भए शेयर प्रमाणपत्र नं. ⁄ BOID No :

शेयरधनी नभए नागरिकताको प्रमाणपत्र नं. :

मिति :

निवेदक
दस्तखत :

नाम :

ठेगाना :

शेयरधनी परीचय नं. ⁄ BOID No :

शेयर प्रमाणपत्र नं. :

शेयर संख्या :

द्रष्टब्य : (१) एक भन्दा वढी प्रोक्सीको नाम उल्लेख गरेमा प्रोक्सी फारम रद्द हुने छ ।
(२) प्रोक्सी नियुक्त गरिएको दरखास्त बैंकको मुख्य कार्यालयमा साधारणसभा हुनु भन्दा कम्तिमा ९६ घण्टा अघि दर्ता गरी सक्नु पर्ने छ ।

# कृषि विकास बैंक लिमिटेड

## वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७८/०९/.... गते)

आदरणीय शेयरधनीमहानुभावहरु,

यस बैंकको मिति २०७८/०९/०७ गते बेलुका ४:१५ बजे बसेको सञ्चालक समितिको बैठक नं ९३९ को निर्णयानुसार यस बैंकको पन्ध्रौ वार्षिक साधारण सभा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न देहायको मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थिति/सहभागिताको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**सभा बस्ने मिति, समय र स्थान**

(१) मिति : २०७८/०९./२९ गते विहिबार (Jan 13, 2022)

(२) समय : विहान ११:०० बजे

(३) स्थान : कृषि विकास बैंक लि. केन्द्रिय तालिम प्रतिष्ठान बोडे, भक्तपुर । *(हाल महामारीको रुपमा रहेको कोभिड-१९ को कारण नेपाल सरकारले जारी गरेको सुरक्षा मापदण्डको पूर्णपालना गरी सभा सम्पन्नगर्नुपर्ने विशेष परिस्थितिका कारण Virtual माध्यमबाट उपस्थितिको निमित्त आग्रह गरिएको छ । )*

**छलफलका विषयहरुः**

**(क) सामान्य प्रस्तावहरु :**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्ने आर्थिक वर्ष २०७७/०७८ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक बर्ष २०७७/०७८ को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाव, ईक्विटमा भएको परिवर्तन,नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूचीहरु लगायत वार्षिक आर्थिक विवरणहरु छलफल गरी पारित गर्ने ।

(३) यस बैंकको सहायक कम्पनीहरु कोष व्यवस्थापन कम्पनी लि. तथा गोबर ग्याँस कम्पनी र सम्वद्ध कम्पनी साना किसान विकास लघुवित्त वित्तीय संस्था को आ.ब. २०७७/०७८ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण स्वीकृत गर्ने ।

(४) सञ्चालक समितिको प्रस्ताव बमोजिम साधारण चुक्ता पूँजीमा वोनस प्रदान गर्दा वोनश शेयरमा लाग्ने कर वापत प्रति शेयर १.०५२६ प्रतिशत नगद लाभांश र अविमोच्य असंचिति अग्राधिकार (Non Convertible Irredeemable Preference share) शेयरधनीलाई चुक्ता पूँजीको ६ प्रतिशत नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।

(५) आर्थिक वर्ष २०७८/०७९ को लागि महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षक नियुक्तिको लागि परामर्श प्राप्त हुने लेखापरीक्षकलाई यस बैंकको लेखापरीक्षकमा नियुक्ति गर्ने तथा पारिश्रमिक र सेवा शर्त तोक्ने ।

**(ख) विशेष प्रस्तावहरु :**

(१) साधारण शेयरधनीहरुलाई साधारण चुक्ता पूँजीको २० प्रतिशत वोनस शेयर प्रदान गर्ने सम्बन्धी सञ्चालक समितिको प्रस्ताव पारित गर्ने ।

(२) विशेष प्रस्ताव नं. (१) बमोजिमको वोनस शेयर प्रस्ताव गरिएकोमा सो समेत समायोजन हुने गरि बैंकको अधिकृत पूँजी तथा जारी र चुक्तापूँजी वृद्धि गर्ने विषयहरु समावेश गरिएको बैंकको प्रवन्धपत्र र नियमावलीको तत्सम्बन्धि दफा/नियम एवं उप-दफा/उप-नियमहरु संशोधन तथा थप गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

(३) पूँजी वृद्धि सम्बन्धी बैंकको प्रवन्धपत्रको दफा ५ को उप-दफा (१), (२) र (३) तथा दफा ७ को उप-दफा (२) को खण्ड (क) र (ख) मा संशोधन तथा थप गर्ने सम्बन्धी संचालक समितिको प्रस्ताव स्वीकृत गर्ने ।

(४) पूँजी वृद्धि सम्बन्धी बैंकको नियमावलीको नियम ५ को उप-नियम (१), (२) र (३), नियम ७ को उप-नियम (१) को खण्ड (क) र (ख) मा संशोधन तथा थप गर्ने सम्बन्धी सञ्चालक समितिको प्रस्ताव स्वीकृत गर्ने ।

(५) प्रबन्धपत्र तथा नियमावलीमा प्रचलित कानून बमोजिम संशोधन गर्नु पर्ने भएमा वा नियमनकारी निकायबाट संशोधन गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन तथा संशोधनका लागि सञ्चालक समितिलाई अख्तियारी दिने ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव
कृषि विकास बैंक लि.
मुख्य कार्यालय, रामशाहपथ, काठमाडौं ।
फोन नं. ०१-४२६४०१६

नोटः साधारणसभा सम्बन्धी विस्तृत विवरणका लागि मिति २०७८।०९।...... गतेको .................. राष्ट्रिय दैनिक पत्रिका हेर्नुहोला ।